

# ५ येशू, हामीलाई असली विश्राम दिनुहुने

***यस अध्यायका मूल पदहरू:*** **उत्पत्ति १५:१३-२१, हिब्रू ३:१२-१९, हिब्रू ४:६-११, हिब्रू ४:१,३,५,१०, व्यवस्था ५:१२-१५ र हिब्रू ४:८-११।**

***यस अध्यायको मूल सार पद:*** **"त्यसकारण परमेश्वरका जनहरूको निम्ति विश्राम बाँकि नै छ" (हिब्रू ४:९ रूपान्तरित)।**

येशू सारा जगतको शासक बनाउँदै उहाँलाई राजगद्दी दिइएको र परमेश्वरका जनहरूको स्वतन्त्र सेनानी वा उद्धारकर्ता भनेर केन्द्रित गर्दै हिब्रू अध्याय १ र २ लेखिएको थियो। हिब्रू ३ र ४मा हामीलाई विश्राम दिने येशू नै हुनुहुन्छ भनेर उहाँ हाम्रो विश्रामकर्ताको रूपमा उहाँलाई परिचित गराउँदछ। जुन कदमले येशूको भूमिकालाई देखाउँछ त्यो यथोचित देखिन्छ। किनभने परमेश्वरले उहाँका जनहरूलाई दाउदको घरानाबाट राजा दिइने छ र उहाँका जनहरूलाई तिनीहरूका शत्रुहरूबाट "बिश्राम" दिनुहुनेछ भनेर प्रतिज्ञा दिनुभएको थियो (२ शमूएल ७:१०,११)। त्यो विश्राम हाम्रो निम्ति अहिले नै उपलब्ध छ किनभने येशू परमेश्वरको दाहिने हाततर्फ बसिरहनुभएको छ।

सही वा सत्य विश्राम, आराम, चैन केवल परमेश्वरमामात्रै निहित छ र साबथ विश्रामलाई हिब्रू ४:१-११मा वर्णन गरिएको छ। यथार्थमा भन्ने हो भने पाप आउनुभन्दा अघि नै, मानिसलाई थकान र पेलानको अनुभव गर्नु अघि नै परमेश्वरले आदम र हव्वालाई साबथ विश्राम उपलब्ध गराउनुभएको थियो। पहिलो साबथ नै सिद्धताको अनुभव थियो जनु सबै सिद्ध हुन सम्भव गर्नुहुनेसँग समय बिताएका थिए। परमेश्वरले आउनेवाला साबथको विश्राम पनि उहाँका जनहरूलाई दिने प्रतिज्ञा गर्नुहुन्छ किनभने यस साबथ पालनाले

अहिले भत्किएको जीवन र संसारलाई पुनःसिद्धसृष्टि गर्नुहुनेछ भन्ने प्रतिज्ञा समेतिएको छ।

जब हामी साबथको गरिमालाई पालन गर्छौं तब हामीले दुई सत्यहरूलाई दिमागमा राख्दछौं। जब परमेश्वरले यस संसारलाई सृष्टि गर्नुभयो तब उहाँले हाम्रो निम्ति निष्खोट र सिद्ध व्यवस्था उपलब्ध गराउनुभएको थियो र जब येशूले क्रुसमा हामीलाई मुक्ति दिनुभयो तब त्यो साबथको प्रावधान सिद्धरूपमा लागु हुनेछ भन्ने प्रतिज्ञालाई औंल्याउँछ। सत्य, सही साबथ पालन गर्नु भनेको केवल सृष्टिको कामलाई मात्र याद गर्ने होइन। यस पापी, भत्किएको, दुर्गतीले ग्रष्ट र असिद्ध संसारमा साबथको गरिमालाई आत्मसात् गरेर पालन गर्दा यसले परमेश्वरले प्रतिज्ञा गर्नुभएको भविष्यको स्वाद उपलब्ध गराउँछ।

## १. देश वा भूमि विश्रामको थलो

**अब्राहमलाई परमेश्वरले के प्रतिज्ञा गर्नुभएको थियो? उत्पत्ति १५:१३-२१ पढ्नुहोस्ः "५ अनि उहाँले तिनलाई बाहिर लगेर भन्नुभयो, "आकाशतिर हेरेर तारा गन्न सक्छौ कि सक्दैनौ, गनिहेर त।" उहाँले तिनलाई भन्नुभयो, "तिम्रा सन्तानहरू पनि त्यस्तै हुनेछन्।" ६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो। ७ फेरि उहाँले तिनलाई भन्नुभयो, "यो देश तिम्रो अधिकारमा दिनलाई कल्दीहरूको ऊरबाट तिमीलाई ल्याउने परमप्रभु म नै हुँ।" ८ तर अब्रामले भने, "हे परमप्रभु परमेश्वर, मैले यसको अधिकार गर्न पाउँछु भनेर म कसरी थाहा पाऊँ?" ९ उहाँले तिनलाई भन्नुभयो, "मेरो निम्ति तीन वर्षको एउटा कोरली, तीन वर्षको एउटा बाख्रा, तीन वर्षको एउटा भेड़ा, एउटा ढुकुर र एउटा परेवाको बच्चा ल्याऊ।" १० तिनले ती सबै उहाँकहाँ ल्याए, र माझमा दुई-दुई फ्याक पारेर हरेक फ्याक आमनेसामने राखिदिए। तर पन्क्षीहरूचाहिँ तिनले दुई-दुई फ्याक पारेनन्। ११ अनि चील र गिद्धहरू ती मरेका पशुपन्क्षीहरूमाथि झम्टँदा अब्रामले तिनीहरूलाई धपाए। १२ सूर्य अस्ताउँदा अब्राम मस्त निद्रामा परे, अनि डरलाग्दो र घोर अन्धकारले तिनलाई छोप्यो। १३ तब परमप्रभुले अब्रामलाई भन्नुभयो, "यो निश्चय जानिराख्, कि तिम्रा सन्तानहरू कुनै एउटा देशमा प्रवासी भएर बस्नेछन्, जुन देश तिनीहरूको होइन, र त्यस देशका मानिसहरूका कमारा-कमारी हुनेछन्, र चार सय**

**वर्षसम्म तिनीहरू थिचोमिचोमा पर्नेछन्। १४ तर तिनीहरू जुन जातिका दास
बन्नेछन्, उनीहरूको पनि म इन्साफ गर्नेछु, र पछिबाट तिनीहरू धेरै धन-
सम्पत्ति लिएर निस्किआउनेछन्। १५ तिमीचाहिँ आफ्ना पितृहरूकहाँ
शान्तिसित जानेछौ । तिम्रो पूरो बुढ़ेसकालमा तिमी (मर्नेछौ र) गाड़िनेछौ।
१६ चौथो पुस्तामा तिम्रा सन्तानहरू तिनीहरू फेरि यहाँ आउनेछन्, किनकि
एमोरीहरूको अधर्म अहिलेसम्म पूरा भएको छैन।" १७ सूर्य अस्ताएपछि जब
अँध्यारो भयो तब मासुका टुक्राहरूका बीचबाट धूवाँ आइरहेको आगोको एउटा
मकल र बलिरहेको एउटा राँको छिरिगयो। १८ त्यसै दिन परमप्रभुले
अब्रामसित यसो भनेर करार बाँध्नुभयो, "तिम्रा सन्तानहरूलाई मिश्रदेशको
नदीदेखि महानदी यूफ्रेटिससम्मको यो देश मैले दिएको छु— १९ केनी,
कनज्जी, कदमोनी, २० हित्ती, परिज्जी, रपाई, २१ एमोरी, कनानी, गिर्गाशी र
यबूसीहरूका देशहरू दिएको छु।**

जब परमेश्वरले इस्राएलीहरूलाई इजिप्ट वा मिश्रदेशबाट उद्धार गरेर ल्याउनुभयो, तब उहाँको एउटा लक्ष्य थियो। तिनीहरूले उहाँको स्वतन्त्रतापूर्वक सेवा गरुन् र उहाँको आज्ञा पालन गरुन् (प्रस्थान ८:१, भजन १०५:४३-४५) साथै राजा फारोहले तिनीहरूलाई बन्देज लगाइएको साबथमा रमाइलो विश्राम गरुन् (प्रस्थान ५:५)। कनान देशको भूमि तिनीहरूलाई सुम्पिने र त्यहाँ तिनीहरूले बिश्राम पाउन् (प्रस्थान ३३:१४, यहोशू १:१३) भन्ने लक्ष्य परमेश्वरको थियो। ती इस्राएलीहरूका पुर्खा अब्राहमलाई कनानको भूमि पैतृक सम्पत्तको रूपमा दिने भनेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको थियो किनभे उनले परमेश्वरको आवाजलाई सुनेर उहाँले प्रतिज्ञा गर्नुभएको देशमा जान आफ्नो पूर्खौली देशबाट यात्रा गरेका थिए (उत्पत्ति ११:३१-१२:४)।

परमेश्वरले इस्राएलीहरूलाई दिनुहुने लक्ष्य केवल त्यो देश हड्पनेमात्र होइन। परमेश्वरले तिनीहरूलाई आफूतिर ल्याउन चाहनुभएको थियो (प्रस्थान १९:४)। परमेश्वरसँग घनिष्ठ सम्बन्ध राखेर तिनीहरू रहेको देशमा तिनीहरूको जीवन उल्लासमय र आनन्दमय होस् भन्ने परमेश्वरको चाहना थियो। कुनै किसिमको बाधा अर्चन नआइकन उहाँको उपासना गरुन् भन्ने उहाँको लक्ष्य थियो। यस पतित संसारमा जीवित परमेश्वरको निम्ति र आफ्ना जनहरूलाई उहाँले के गर्न चाहनुहुन्छ सो देखाउन तिनीहरू त्यस देशमा ल्याउने उहाँको योजना थियो। जसरी सृष्टिको सुरुमा दिइएको परमेश्वरसँग घनिष्ठ सम्बन्ध राख्न साबथ दिइएको थियो त्यसरी नै तिनीहरूको मुक्तिदातासँग

कनानदेशमा घनिष्ठ सम्बन्ध राख्दै उहाँले उपलब्ध गराउनुहुने सबै असल थोकहरूको उपभोग गर्दै आनन्दको जीवन बिताओस् भन्ने परमेश्वरको चाहना थियो। परमेश्वर र उहाँका जनहरूसँग हुनुपर्ने रमाइलो, शान्तिमय, मेलमिलापको उदाहरणीय ढाँचा कनान देश हुनुपर्ने थियो।

परमेश्वरले इस्राएलीहरूलाई बिश्राममा पस्नेछन् भनेर व्यवस्था १२:१-१४मा परमेश्वरले भन्नुभएको लेखिएको छ। तिनीहरू कनान देशमा पस्दामात्र विश्रामको अनुभूति हुने होइन तर जब तिनीहरूले त्यस भूमिमा भएका मूर्तिहरूलाई हटाएर शुद्ध पार्दछन्। त्यस भूमिमा मूर्ति पूजाको कुनै पनि अंश नराखेपछिमात्र इस्राएलीहरू परमेश्वरका जनहरू हुन् भनेर प्रमाणित हुनेछ र त्यस देशमा उहाँको उपस्थिति पनि हुनेछ।

**देहायका पदहरूमा साबथ विश्राम कुन पूण्यस्मरणहरूलाई औंल्याउँदछ र तिनीहरू एक आपससँग सम्बन्ध भएको कसरी देखाउँछ? हेर्नुहोस्, प्रस्थान २०:८-११ "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।" र व्यवस्था ५:१२-१५ "१२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू— आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।"**

परमेश्वरले साबथ दिनलाई सृष्टिको समयलाई औंल्याउँदै इस्राएलीहरूलाई मिश्रदेशबाट मुक्त गरिएको अवस्थासँग गाँस्नुभएको थियो। साबथलाई सृष्टिको सम्झनामा उत्सवस्वरूप मनाउनु भन्नु हुँदै मिश्रदेशबाट मुक्त गरिएको सम्झनाको निम्ति निरन्तररूपमा मनाउनु भनेर परमेश्वरले इस्राएलीहरूलाई निर्देशन दिनुभएको थियो।

सृष्टि र मुक्ति दुवै अवधारणा साबथको आज्ञामा सजिएको छ। जसरी हामीले हामीलाई आफैलाई सृष्टि गरेका होइनौं त्यसरी नै हामी आफैले आफैलाई पापबाट मुक्त गर्न सक्दैनौं। यो काम केवल परमेश्वरलेमात्र गर्न सक्नुहुन्छ। साबथको विश्राम पनि हामीले सृजिएका होइनौं। यो हाम्रो लागि उहाँको उपहार हो। जब हामी साबथको गरिमामय विश्रामलाई स्वीकार्दछौं र उहाँले अलग गर्नुभएको हप्ताको सातौं दिन शनिबारमा आफ्नो सम्पूर्ण व्यवसायीक कामबाट बिश्राम लिन्छौं तब हामी उहाँमाथि भर परेका छौं भनेर प्रमाणित गर्दछौं। साबथले, केवल यस संसारमा हाम्रो अस्तित्वको निम्तिमात्र होइन हाम्रो मुक्ति र अनन्त जीवनको यात्राको सम्झनालाई औंल्याउँदछ। वास्तविकरूपमा भन्नुपर्दा साबथलाई पालन गर्नु भनेको मुक्ति विश्वासबाटमात्र प्राप्त हुन्छ भन्ने प्रभावकारी प्रमाण हो। यसलाई पालन गर्दा हाम्रो मुक्ति हाम्रो कामले होइन परमेश्वरमाथि विश्वास गर्दा वा उहाँमाथि आस्था राख्दा पाइन्छ भनेर हामी व्यक्त गरिरहेका हुन्छौं।

**साबथको गरिमामय पालनाले हामी परमेश्वरमाथि पूरा भरोसा राख्छौं भनेर बुझाउँछ भनेर हामीले कसरी सिक्ने? यस जीवनलाई अर्थमूलक बनाउनमात्र होइन हाम्रो अनन्त मुक्तिको अस्तित्वको पहिचान पनि साबथले गराउँछ भन्ने कुरालाई हामीले कसरी आत्मसात् गर्ने?**

## २. अविश्वासको कारणले वा विश्वासघात गर्दा

**मिश्र देशबाट परमेश्वरको निर्देशन र उपस्थितिमा र मोशाका अगुवाईमा इस्राएलीहरू कनानको सिमानामा पुगेका थिए र तिनीहरू कनान देश कब्जा गरेर परमेश्वरले प्रतिज्ञा गर्नुभएको विश्राम पाउनै लागेका थिए तर तिनीहरू त्यहाँ पस्न किन असमर्थ भए? हेर्नुहोस् , हिब्रू ३ः१२-१९ "१२ भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस्। १३ जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती देओ, र पापको**

**छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस्। १४ यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढ़तासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं। १५ धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार।" १६ सुन्नेहरू को थिए, जसले सुनेर पनि विद्रोह गरे? के ती सब तिनीहरू नै होइनन् र, जो मोशाको नेतृत्वमा मिश्रदेशबाट निस्किआएका थिए? १७ कोसँग उहाँ चालीस वर्षसम्म क्रोधित हुनुभयो? के ती पाप गर्नेहरूसँग होइन, जुनहरू उजाड-स्थानमा मरेर गएका थिए? १८ आज्ञा नमान्नेहरू नै उहाँको विश्राममा कहिल्यै पस्न पाउनेछैनन् भनी उहाँले शपथ खानुभएको होइन र? १९ यसैले हामी देख्तछौं, अविश्वासको कारणले नै तिनीहरू पस्न सकेनन्।"**

यो एकदम दुःखलाग्दो र कहालीलाग्दो कथा छ। मिश्र देशबाट रातारात उल्लासमय वातावरणमा निस्किँदै र परमेश्वरको सशक्त र सफल अगुवाइमा इस्राएलीहरू प्रतिज्ञा गरिएको देशतिर यात्रा गर्दै थिए। तिनीहरूलाई स्वतन्त्र देशमा स्वतन्त्ररूपमा रहेर परमेश्वरको चाहना अनुसार विश्रामको अनुभूतिको प्रतिज्ञा पाएका थिए। तर जब तिनीहरू त्यस देशको सिमानामा आइपुगे तब तिनीहरू त्यस देशमा पस्न र विश्राम पाउन असमर्थ भए। जब प्रतिज्ञा गरिएको देशको सिमाना कादेश-बर्नियामा इस्राएलीहरू आइपुगे तब तिनीहरूमा चाहिने विश्वासको कमी तिनीहरूले देखाए। तिनीहरूकै अनुरोधमा कनान देशको भेद थाहा पाउन १२ जना जासुसहरू पठाएका थिए। तिनीहरू चालिस दिन कनान देशमा बिताएर त्यस देशको बारेमा इस्राएलीहरूलाई सुनाउन फर्केका थिए। तर तिनीहरूले त्यस देशको बारेमा नराम्रो वा हतोत्साह दिने खबर ल्याए भनेर गन्ती १३:२२मा उल्लेख गरिएको छ। त्यसको बारेमा विस्तृत विवरण गन्ती १३ र १४ मा दिइएको छ। तिनीहरूले देखेका र अनुभव गरेको देश असल थियो भनेर तिनीहरूले स्वीकारे। तर त्यो देशका मानिसहरू अत्यन्तै बलियो, सहरहरू किल्ला नै किल्लाले घेरिएको र इस्राएलीहरू त्यस देशलाई कब्जा गर्न असम्भव छ भनेर ती जासुसहरूले सुनाए।

१२ जना जासुसहरूमा यहोशू र कालिब थिए। कनान देशको बारेमा दिइएको विवरणमा तिनीहरूले असहमत जनाएनन्। मानिसहरू बलिया छन् र सहरहरू किल्ला र किल्लाहरूले घेरिएको छ भन्ने कुरामा तिनीहरूले विवाद

गरेनन्। तर परमेश्वर तिनीहरूसँग हुनुहुन्छ र उहाँले तिनीहरूलाई त्यस देशमा ल्याउनुहुनेछ भनेर जिकिर गरेका थिए (गन्ती १४:७-९)।

यद्यपि, विभिन्न प्रकोप र महामारीबाट परमेश्वरले मिश्रदेशलाई तहस नहस पार्नुभएको (प्रस्थान ७-१२), लाल सागरमा राजा फारोहका सैनिकहरू नास गर्नुभएको (प्रस्थान १४), स्वर्गबाट रोटी पठाउनुभएको (प्रस्थान १६) पत्थरबाट पानी पठाउनुभएको (प्रस्थान १७ साथै दिन रात उहाँको उपस्थिति र अगुवाइ आगो र बादलमा गर्नुभएको (प्रस्थान ४०:३६-३८) उहाँका क्रियाकलाप र शक्तिको प्रतक्ष्यदर्शी भएतापनि अब इस्राएलीहरूले परमेश्वरमाथि विश्वास र भरोसा राख्न सकेनन्। यो कस्तो कहाली लाग्दो, अचम्मको र विश्वासै गर्न नसकिने पुस्ता हुनगए जसको सामु परमेश्वरले महान् शक्तिको प्रदर्शन गर्नुभएतापनि त्यो पुस्ता विश्वासघातको प्रतिक हुन गयो (नेहमिया ९:१५-१७, भजन १०६:२४-२६ र १ कोरन्थी १०:५-१०)। मानिसहरूको पहुँचभन्दा अपारका उपहारहरू दिने परमेश्वरले उहाँका सन्तानहरूलाई प्रतिज्ञा गर्नुहुन्छ। त्यसैकारण ती उपहारहरू उहाँको अनुग्रह र सदाशयतामा आधारित भएका हुन र ती केवल परमेश्वरमाथि विश्वास वा अगाढ आस्थामामात्र प्राप्त हुने प्रावधान बनाइएको छ। इस्राएलीहरूको मनस्थितिको भन्डाफोर गर्दै हिब्रू ४:२मा लेखिएको छ "हामीलाई पनि तिनीहरूलाई झैं सुसमाचार प्रचार गरिएको हो। तर सुनेको वचनले तिनीहरूलाई केही फाइदा भएन, किनकि सुन्नेहरूले विश्वासपूर्वक यिनलाई ग्रहण गरेनन्।"

सारा इस्राएलीहरू एकजुट भएर प्रतिज्ञा गरिएको देशको सिमानासम्म यात्रा गरेका थिए। जब मानिसहरूले आफूले चाहेका अनुसार रिपोर्ट वा विवरण पाएनन् तब तिनी अत्यन्तै हतोत्साह भएर र परमेश्वरमाथिको तिनीहरूको विश्वास बिलाएर गयो। परमेश्वरमाथिको विश्वास वा त्यसको कमी हुने प्रवृत्ति सबैलाई सर्न सक्दछ। त्यसैकारण आफ्ना पाठकहरूलाई एक आपसमा हौशला देऊ (हिब्रू ३:१३) र "हामी एउटाले अर्कालाई प्रेम र असल कामको निम्ति कसरी उत्साहित गराउने त्यस कुरामाथि विचार गरौं" (हिब्रू १०:२४) हिब्रू सम्झाउँदछन्। यो पनि थपिएको छ, "ध्यान देओ, कि कुनै मानिस परमेश्वरको अनुग्रह प्राप्त गर्नदेखि वञ्चित नहोस्, ताकि तीतोपनको जरो उम्रेर आईकन त्यसले फूट नल्याओस्, र धेरै जनालाई अशुद्ध नपारोस्" (हिब्रू १२:१५)।

*तपाईंका सहविश्वासीहरूको विश्वास तथा आस्थाको निर्माण गर्न वा बढावा दिन तपाईं के गर्न सक्नुहुन्छ? तपाईंले जे भन्नुभएतापनि वा गर्नुभएतापनि अर्को विश्वासमा आँच आउन नदिन वा विश्वासलाई कमजोर नपार्न तपाईं कसरी सजग हुने?*

## ३. आज, यदि तिमीले उहाँको आवाज सुन्यौ भने

**साबथ पालनसँग सम्बधित "आज" विश्राममा पस्नुको अर्थ के हो? हेर्नुहोस्, हिब्रू ४:४-८ "४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, "परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।" ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।" ६ कसै-कसैलाई प्रवेश गर्न अझै बाँकी नै छ, र तिनीहरू, जसलाई अघिअघि सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू आफ्ना अनाज्ञाकारिताले गर्दा पस्न सकेनन्। ७ फेरि परमेश्वरले "आज" भनी एक दिन ठहराउनुभएको छ, जब उहाँले धेरै समयपछि दाऊदद्वारा अघि भनिएकै कुरा फेरि भन्नुभयो, "आज तिमीहरूले उहाँको शब्द सुन्यौ भने तिमीहरूका हृदय कठोर नपार।" ८ किनकि यहोशूले तिनीहरूलाई विश्राम दिएका भए त परमेश्वरले पछिबाट अर्को दिनको विषयमा भन्नुहुनेथिएन।"**

मरुभूमिमा यात्रा गरिरहेका प्रथम् पुस्ता मानिसहरूको अविश्वासको कारण परमेश्वरले दिन चाहनुभएको विश्राममा पस्न सकेनन्। तर परमेश्वरले तिनीहरूलाई विश्राममा पस्न अऱ्हाइरहनुभएको थियो र आफ्ना हृदयहरू कठोर नपार भनेर उहाँले तिनीहरूलाई भनिरहनुभएको थियो। अनि परमेश्वरको प्रतिज्ञा "बाँकि नै छ" भनेर पावलले धेरै पल्ट व्यक्त गरेका थिए (हिब्रू ४:१,६,९)। उनले यो शब्दमा ग्रिक क्रियापद प्रयोग गरेका छन् जुन kataleipo (क्याटलिपो) र apoleipo (आपोलिपो) हुन। "परमेश्वरको विश्राम दिनमा पस्ने प्रतिज्ञा अझै कायमै भएको" (हिब्रू ४:१) ती शब्दहरूले जोर दिन्छन्। त्यो विश्राममा पस्न वा त्यसको अनुभव गर्न दाउदको समयमा पनि आह्वान गरिएको हुनाले (हिब्रू ४:६,७, भजन ९५लाई औंल्याउँदै) प्रतिज्ञाको दावी नगरिएको र अझै पनि उपलब्ध छ भन्ने आभास् दिन्छ। अझ, सत्य साबथको अनुभव सृष्टिको समयदेखिनै उपलब्ध छ भनेर पावलले बताउन खोजेको पाइन्छ (हिब्रू ४:३,४)।

परमेश्वरले "आज नै" उहाँको विश्राममा पस्न हामीलाई आह्वान गरिरहनुभएको छ। बाइबलभरि "आज" भन्ने धारणा निर्णायक छ। जब इस्राएलीहरू प्रतिज्ञा गरिएको देशको सिमानामा आइपुगेका थिए तब परमेश्वरसँग गरिएको करार मोशाले पुनःनविकरण गर्दै "आज" भन्ने शब्दको महत्त्वलाई जोड दिएका थिए (व्यवस्था ५:३, यसलाई अरू पदहरूसँग पनि तुलना गर्नुहोस्-व्यवस्था ४:८, व्यवस्था ६:६ आदि)। परमेश्वरको विश्वसनीयताप्रति ध्यान दिन (व्यवस्था ११:२-७) र प्रभुको आज्ञा पालन गर्न निर्णय गर्ने क्षण थियो (व्यवस्था ५:१-३)। यसरी नै, यहोशूले उनको समयमा रहेका मानिसहरूलाई "कसको सेवा गर्ने आजै तिमीहरूले निर्णय गर" (यहोशू २४:१५ रूपान्तरित) भनेर सम्बोधन गरेका थिए।

यो "आज" भन्ने शब्द वा आह्वान केवल पौराणिक इस्राएलहरूको निम्तिमात्र होइन हामीलाई पनि हो। हामीलाई पनि निर्णय गर्न समय, अवसर वा क्षण दिइएको छ। परमेश्वरको त्यो वचन पालन गर्ने उहाँका जनहरू जहिलेपनि खतरामा परेका थिए (२ कोरन्थी ६:२)। हिब्रू ३ र ४मा "आज" भन्ने शब्द पाँच पल्ट देखापरेको छ। परमेश्वरको आवाजलाई सुन्न जरुरी छ भनेर यसले जोर गर्दछ (हिब्रू ३:७,१५) किनभने परमेश्वरको वचन सुन्न र विश्वास गर्न असफल भएमा मानिसहरू अनाज्ञाकारी र कठोर हृदयहरू हुनतिर लम्कन्छन्। यसले हाम्रो स्वर्गको कनान देशमा पस्न पनि ढिलो पार्न सक्छ, जसरी मरुभूमिमा यात्रा गरिरहेका पुस्ताले संसारको कनानमा पस्नबाट रोके।

तर येशूले हाम्रा शत्रुहरूलाई परास्त गर्नुभएको थियो (हिब्रू २:१४-१६) र नयाँ करारलाई औपचारिकरूपमा प्रारम्भ गर्नुभएको थियो (हिब्रू ८-१०)। त्यसैले गर्दा अब हामी परमेश्वरको अनुग्रहको सिंहासन सन्मुख "सुरो वा निडर" भएर उपस्थित हुनसक्छौं (हिब्रू ४:१४-१६)। "आज" भन्ने आह्वानले परमेश्वर हामीप्रति विश्वासमा दिगो भइरहनुभएको थियो भनेर हामी महसुस गरुन् भन्दै उहाँप्रति बफादार हुन हामीलाई आमन्त्रण गरिएको छ। कुनै ढिलो नगरिकन आज नै उहाँको आह्वान वा निमन्त्रणालाई हामीले स्वीकारौं भनेर उहाँले हामीलाई प्रसस्तमात्रामा कारणहरू पनि उहाँले उपलब्ध गराउनुभएको छ।

**"आज" नै तपाईंले के आत्मिक निर्णयहरू गर्नुपर्छ अर्थात् अर्को पल्ट गरुँला भनेर नथन्काउन के गर्ने? परमेश्वरले तुरन्तै गर भन्ने आह्वानलाई थाहा**

**पाउँदा पाउँदै पनि तत्कालै वेवास्ता गर्दा तपाईंले तपाईंलाई के भएको थियो, के त्यो अनुभवहरू तपाईंलाई छ?**

## ४. उहाँको विश्राममा पस्नु

**उहाँको विश्राममा पस्नु वा विश्रामको उपभोग गर्नु भनेर उहाँले हामीलाई आह्वान गर्नुभएको थियो। त्यसको चित्रण देहायका पदहरूले कसरी गर्दछन्? हेर्नुहोस्ः हिब्रू ३ः११ "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्÷।" र हिब्रू ४ः१,३,५,१० "१ यसकारण परमेश्वरको विश्राममा प्रवेश पाउने प्रतिज्ञा छँदाछँदै हामी होशियार रहौं र तिमीहरूमध्ये कोही पनि त्यस प्रतिज्ञादेखि वञ्चित नहोस्।...३ किनकि हामी विश्वास गर्नेहरूचाहिँ त त्यस विश्राममा प्रवेश गर्छौं, जसो उहाँले भन्नुभएको छ, "यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, 'मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्÷।" यद्यपि उहाँका कार्यहरू संसारको उत्पत्तिदेखि नै पूरा भइसकेका थिए। ४ किनकि उहाँले अरू कुनै ठाउँमा सातौं दिनको विषयमा यस किसिमले भन्नुभएको छ, 'परमेश्वरले सबै कार्यहरूबाट सातौं दिनमा विश्राम लिनुभयो।' ५ र फेरि यसै खण्डमा उहाँले भन्नुभयो, "मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्।...११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।"**

प्रस्थान २०ः८-११मा दिएको साबथ आज्ञा र व्यवस्था ५ः१२-१५मा मोशाले फेरि दोहोऱ्याएर सम्बोधन गरेको साबथ आज्ञामा हामी सबैलाई परमेश्वरले के गर्नुभयो सो याद गर्न आह्वान गरिएको छ। शिलापाटीहरूमा परमेश्वरले जे लेख्नुभयो त्यसले परमेश्वरले सम्पन्न गर्नुभएको सृष्टिको कामलाई औंल्याएको भनेर हामीले हेऱ्यौं (प्रस्थान ३१ः१८;३४ः२८)। इजिप्टको दासत्वबाट इस्राएलीहरूलाई स्वतन्त्र बनाउने काम सिद्धिएको सम्झनामा तिनीहरूले साबथ पालना गर भन्ने आदेश व्यवस्थाको पुस्तकमा प्रस्तुत गरेको छ। त्यो घट्ना वास्तविक भएतापनि प्रतिकको रूपमा पनि बुझ्नुपर्दछ। मिश्रदेशबाट इस्राएलीहरूलाई उद्धार गरिएको कामले येशूको मुक्तिको योजनालाई औंल्याउँछ। इस्राएलीहरूलाई पापको दासत्वबाट उद्धार गरिएको जस्तै, मानव जगतलाई पापबाट उद्धार गर्ने काम ख्रीष्टले क्रूसमा मर्नुभएर सम्पन्न गर्नुभएको थियो। क्रूसमा टाँगिनुहुँदा येशूले "अब सिद्धियो!" (यूहन्ना

१९:३०) भनेर चित्कार गर्नुभएको अर्थ अब मुक्तिको योजना सम्पन्न भयो भनेर देखाउँदछ। त्यसकारण, साबथ दोबर आशिष पाएको दिन हो। यसले गर्दा, येशूभक्तको निम्ति यो दिन अत्यन्तै अर्थपूर्ण मान्नुपर्दछ।

**हामीलाई के गर्न आह्वान गरिएको छ? हेर्नुहोस्, हिब्रू ४:९-११, १६ "९ यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।...१६ यसकारण साहससँग अनुग्रहको सिंहासन नजिक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।"**

परमेश्वरले आफ्नो सृष्टिको काम सक्नुभएकोले आफ्नो कामबाट विश्राम लिनुभएर हप्ताको सातौं दिन साबथमा आनन्द मनाउनुभएको थियो (उत्पत्ति २:१-३, प्रस्थान २०:८-११)। यो दिनले मुक्ति वा उद्धारको दिनलाई पनि औंल्याउँछ (व्यवस्था ५:१२-१५)। त्यसैगरि जब येशूलाई स्वर्गको पवित्रस्थानमा विराजमान गराइयो तब हाम्रो मुक्तिको निम्ति उहाँ सिद्ध बलि हुने प्रक्रिया पूरा भएको थियो भन्ने अवसर याद गरेर खुशियाली मनाउन पनि साबथ हामीलाई दिइएको थियो (हिब्रू १०:१२-१४)।

यो पनि ख्याल गर्नुहोस्, जब हाम्रो कल्याण, कुशल र सुखशान्ति उपलब्ध गराउनुभयो तबमात्र परमेश्वरले विश्राम लिनुभएको थियो। सृष्टिको समयमा जब परमेश्वरले संसारलाई सृष्टि गरेर आफ्नो काम फत्ते गर्नुभयो अनि उहाँले विश्राम लिनुभएको थियो। जब अब्राहमलाई दिनुभएको प्रतिज्ञा अनुसार कनान देशमा इस्राएलीहरूले विजय प्राप्त गरे त्यस देशमा पवित्रस्थानको स्थापना भयो तब परमेश्वरले विश्राम लिनुभएको थियो। जब इस्राएलीहरू सुरक्षित भए तब उहाँले विश्राम लिनुभएको थियो (१ राजा ४:२१-२५, साथै प्रस्थान १५:१८-२१, व्यवस्था ११:२४, २ शमूएल ८:१-१४)। जब इस्राएलीहरू र राजाले आफ्ना घरहरू निर्माण गरे तबमात्र परमेश्वरले आफ्नो निम्ति पवित्रस्थान बनाउन इस्राएलीहरूलाई अऱ्हाउनुभएको थियो।

**अहिले नै हामी उहाँको विश्राममा कसरी भित्रिने? अर्थात् येशूमा पाइने मुक्तिको विश्वसनीयता हामी विश्वासद्वारा पाउँछौं तर हाम्रो आफ्नै धर्मकर्मबाट**

होइन भनेर कसरी ढुक्क हुने? यो ढुक्क हामीमा भयो भने परमेश्वरको विश्रामको उपभोग हामी गर्न सक्छौं।

## ५. नयाँ सृष्टिको पूर्वस्वाद

देहायका पदहरू एक आपसमा तुलना गरेर पढ्नुहोस्। प्रत्येक अंशमा साबथलाई कसरी फरक ढँगले प्रस्तुत गरिएको छ? हेर्नुहोस्ः प्रस्थान २०:८-११ "८ "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। ९ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १० तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। त्यसमा तिमीहरूले केही काम नगर्नू, न त आफ्नो छोराले, न छोरीले, न कमारा-कमारीले, न गाईबस्तुले, न मूल ढोकाभित्र भएको परदेशीले केही काम गरोस्। ११ किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथदिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।", व्यवस्था ५:१२-१५ "१२ "परमप्रभु आफ्ना परमेश्वरले आज्ञा गर्नुभएबमोजिम शबाथ-दिन पवित्र राख्न याद राख्नू। १३ छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, १४ तर सातौंचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ हो। त्यसमा तिमीहरूले केही काम नगर्नू— आफ्ना छोराछोरी, कमारा-कमारी, गोरु, गधा कुनै पशुले सहरभित्र भएको परदेशीले पनि केही काम नगरोस्। आफ्ना कमारा र कमारीले तिमीहरूसँग विश्राम गरून्। १५ तिमीहरू मिश्रमा कमारा हुँदा कसरी परमप्रभु तिमीहरूका परमेश्वरले आफ्नो बाहुबल र फैलिएको पाखुरा प्रयोग गरी तिमीहरूलाई निकालेर ल्याउनुभयो, सो याद राख। यसैकारण परमप्रभु तिमीहरूका परमेश्वरले शबाथ मान्न तिमीहरूलाई आज्ञा गर्नुभएको हो।" र हिब्रू ४:८-११ "८ यहोशूले तिनीहरूलाई विश्राम दिएका भए त परमेश्वरले पछिबाट अर्को दिनको विषयमा भन्नुहुनेथिएन। ९ यसकारण परमेश्वरका जनहरूका निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो। ११ यसकारण हामी त्यस विश्राममा प्रवेश गर्नलाई प्रयत्न गरौं, र त्यस्तै किसिमको अनाज्ञाकारिताद्वारा कोही पनि पतित नहोस्।"

प्रस्थान र व्यवस्थाको पुस्तकमा साबथको बारेमा लेखिएको निर्देशनहरूले विगतको समयलाई हेर भनेर हामीलाई आह्वान गर्दछन्। परमेश्वरको सृष्टि र मुक्तिको काम सम्पन्न गर्नुभएको उपलक्ष्यमा खुशियाली मनाउन साबथमा विश्राम लिनु भनेर ती पदहरूले हामीलाई बताउँछ। तर हिब्रू ४:९-११मा भविष्यतिर नजर लगाऊ भनेर हामीलाई आह्वान गरिएको छ। परमेश्वरले भविष्यको निम्ति साबथ विश्राम हाम्रो निम्ति तयार पारिरहनुभएको छ भनेर ती पदहरूले बताउँछन। यसमा साबथको बारेमा नयाँ आयाम देखाइएको छ। विगतमा परमेश्वरका विजयहरूलाईमात्र सम्झाउनमा साबथको विश्राम हामीलाई दिएको होइन तर भविष्यमा पूरा हुने परमेश्वरका प्रतिज्ञाहरूलाई सम्झेर रमाउन पनि दिइएको थियो। साबथ पालन गर्नुपर्ने भविष्यको आयाम जहिले पनि थियो तर प्रायजसो त्यस अवधारणालाई वेवास्ता गरिएको थियो। पतनपछि गरिएको प्रतिज्ञामा परमेश्वरले गुमिएको सुरुको महिमा नयाँ सृष्टिद्वारा एक दिन ख्रीष्ट वा मसीहद्वारा पुनर्स्थापित हुनेछ भनिएको छ। साबथको गरिमालाई पालन गरेर उहाँको मुक्तिको कामको उत्सब मनाउनु भनेर परमेश्वरले हामीलाई निर्देशन दिनुभएको छ किनभने नयाँ सृष्टिमा उहाँको मुक्तिको योजनाको काम पूरा हुनेछ। यस पतित, प्रदुषित र भत्किएको पृथ्वीको एक दिन परिष्कृत हुनेछ, पुनर्स्थापित हुनेछ र यहाँ स्वर्गको अनुभूति हुनेछ भन्ने अपेक्षामा भाग लिन साबथ पालनले औंल्याउँदछ। यहूदीहरूको परम्परा वा शिक्षामा यो अवधारणा जहिले पनि स्पष्ट थियो। पुरानो करारमा नभित्राइएको तर ई.पू. १०० र सन २००को बीचमा लेखिएको "लाइफ अभ आदम एण्ड इभ" (जेम्स एच. चार्लस्वर्थ, सम्पादित, *द ओल्ड टेस्टामेन्ट सुडिपिग्राफा The Old Testament Pseudepigrapha* [न्यु हेभेन, लन्डनः याल, १९८५] ठेली २, पृ. लेखिएको छः "हप्ताको सातौं दिन साबथ पुनरुत्थानको चिन्ह हो र बाँकि आउनेवाला युगको पनि हो।" अर्को यहूदी स्रोतले भन्दछः आउने युग भनेकै "त्यो दिन हो जुन अनन्तसम्म साबथको विश्राम पूरैरूपमा लिइनेछ।"-जाकोत्र न्युस्नर, *द मिसनाह Mishnah,* नयाँ अनुवाद (न्यु हाभेनः याल, १९८८), पृ. ८७३बाट रूपान्तरित। पछिको स्रोत, ओथियोटको रबी अकिबाले भनेका छन् "पवित्र परमेश्वर जो आशिषको पात्र हुनुहुन्छ, उहाँको सामु इस्राएलले सोध्छ, "हे संसारका प्रभु, यदि हामीले आज्ञाहरूलाई पालन गर्‍यौं भने हामीलाई के इनाम दिइन्छ?" उहाँले तिनीहरूलाई भन्नुभयोः "आउने-संसार।" तिनीहरूले उहाँलाई सोधेः "त्यो कस्तो हुनेछ सो हामीलाई

देखाउनुहोस्।" उहाँले तिनीहरूलाई साबथ देखाउनुभएको थियो।"-थियोडोर फ्रिडमान, "द साबथ आन्टिसिपेशन अभ रिडेम्शन," *जुदाइजमः अ क्वाटर्ली जर्नल,* ठेली १६, पृ. ४४३,४४४बाट रूपान्तरित।

साबथ एक समारोह हो, एक उत्सब हो, यो आनन्दमय दिन हो र धन्यवाद दिने समय हो। जब हामी साबथलाई पालन गर्दछौं तब हामीले परमेश्वरका प्रतिज्ञाहरूलाई विश्वास गर्छौं भनेर देखाउँछौं र उहाँको अनुग्रहको उपहारलाई हामी स्वीकार्छौं भनेर प्रमाणित गर्दछौं। यदि सक्रिय तथा वास्तविकरूपमा भन्नुपर्दा हामी परमेश्वरमाथि विश्वास राखेर अनुग्रहबाट मुक्ति पाउँछौं भनेर पूर्णरूपमा साबथको पालनाले प्रमाणित गरेर देखाउँछौं। हाम्रो धर्मकर्म वा असल कामबाट होइन परमेश्वरको अनुग्रहलेमात्र हामी मुक्ति पाउँछौं भनेर निरन्तररूपमा साबथको पालनाले व्यक्त गर्दछ।

**व्यवस्था पालन होइन, हाम्रो धर्मकर्मबाट होइन तर विश्वासद्वारा मुक्ति पाउँछौं भनेर बुझ्न र बुझाउन साबथलाई कसरी पालना गरेर देखाउने? साबथमा विश्राम लिनु नै अनुग्रहबाट मुक्ति पाउनु हो भनेर कसरी व्यक्त गरिन्छ?**

## उपसंहारः

**थप जानकारीः** परमेश्वरले हामीलाई उपलब्ध गराउनुभएको अनुग्रहद्वारा पाइने मुक्तिको अवधारणालाई निरन्तररूपमा साकार पारिरहन आइतबार होइन हप्ताको सातौं दिन साबथमा गरिने विश्रामलाई आत्मसात् गर्नुपर्छ भन्ने अत्यन्तै महत्त्वपूर्ण शिक्षा पावलले हिब्रूको पुस्तकमा कोरेका छन्। त्यस मुक्तिको अवधारणाको चिन्ह वा प्रतिक साबथ हो भन्ने कुरामा हामी बिचलित हुनुहुन्न। साबथको विश्रामलाई त्यस अवधारणालाई हृदयमा सजाएर पालन गर्दा विश्वासीहरूले साबथलाई आनन्दमय र रमाइलो मानेर पालन गर्ने हुन्छ। तर दोस्रो शताब्दीपछि साबथको पालनामा निर्णयात्मक परिवर्तन भएको देखिन्छ। कतिपय इसाईहरूले साबथ भनेको मुक्तिको प्रतिक भन्ने अवधारणालाई त्यागेर यो त यहूदीहरूको निम्तिमात्र हो र पुरानो करार वा विधिसम्मतमात्रै हो त्यसकारण यसलाई पन्छाएर जानु उचित हुन्छ भनेर सिकाउन थालेका थिए। साबथ पालन गर्नु भनेकै यहूदी धर्ममा लाग्नु भनेर कतिपय इसाईहरूको मनस्थितिमा गाभिएको थियो। रोमन क्याथोलिक चर्चको अग्रज र चिन्तक इग्नेशियसले सन् ११०तर भनेका थिएः "पुरानो चाल वा पुरानो करार अनुसार चल्नेहरूले नयाँ आशा पाएका छन्। तिनीहरूले अब साबथलाई पालन गर्नु आवश्यक छैन। तर तिनीहरू प्रभुको दिन वा जुन दिन ख्रीष्टमा हाम्रो जीवनको

पुनरुत्थान भयो त्यो दिनले मान्यता भएको छ।"-जाक बी. डुखान, इस्राएल एण्ड द चर्चः *टु भ्वाइसेज फर द सेम गड* (पिबडी, मासाचुसेट, हेन्ड्रिक्सन, २००२), पृ. ४२बाट रूपान्तरित। त्यसै गरि पुरानो करारको परमेश्वरप्रति रोष व्यक्त गर्ने प्रथम् शताब्दीको चर्चको अगुवा वा गुरु मार्सियोनले साबथ दिनमा उपवास गरेर यहूदीहरू र तिनीहरूको परमेश्वरलाई त्यागेको देखाऊ भनेर आफ्ना अनुयायीहरूलाई निर्देशन दिएका थिए। त्यसरी नै चौथो शताब्दीको दार्सनिक भिक्टोरिनसले आफूलाई "यहूदीहरूको साबथलाई पालन" नगर्नेहरूको पङ्कतिमा राख्न चाहेको व्यक्त गरेका थिए (*इजराएल एण्ड द चर्च,* पृ. ४१-४५)। मुक्ति भनेको अनुग्रहबाटमात्र पाइन्छ भन्ने अवधारणा दिने साबथको गरिमामय पालना बुझ्न छोडेकोले नै इसाई जगतमा साबथको अस्तित्वमा धरासयी भएको थियो।

"ख्रीष्टको शक्तिले हामीलाई पवित्र पार्छ वा सन्त बनाउँछ भन्ने चिन्ह वा चिनो साबथ हो। र ख्रीष्टले पवित्र बनाउनुहुने सबैलाई यो साबथ दिइएको छ। उहाँमा पवित्र बनाउने शक्ति छ भन्ने देखाउन चिन्हको रूपमा खडा भएको साबथ भएकोले, यो साबथ ख्रीष्टद्वारा सबैलाई दिइएको छ, सबै जो परमेश्वरको इस्राएलमा ख्रीष्टद्वारा सहभागी हुन्छन्।...

"साबथले सृष्टिको कामलाई औँल्याउँछ भने मुक्तिको निम्ति परमेश्वरमा महान् शक्ति छ भन्ने प्रमाण पनि यसले औँल्याउँछ। अदनमा शान्ति गुमाइयो भनेर मानिसको दिमागमा साबथले याद दिलाइरहन्छ भने, उद्धारकर्ताबाट शान्तिको पुनर्स्थापना गर्नुभयो भनेर पनि यसैले देखाउँछ। प्रकृतिमा भएको प्रत्येक थोकले यो आह्वानलाई दोहो-याउँछ, 'हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिन्छु।' मत्ती ११:२८।" एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज्,* पृ. २८८,२८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ. विश्वासद्वारा निर्दोष ठहरिन्छ र साबथ पालनाको बीचमा के सम्बन्ध छ?**

**आ. सही, सत्य र हर्षसाथ स्वइच्छाले साबथ पालन गर्नु र विधिवादमा लागेर धर्म गर्न वा परमेश्वरलाई खुशी पार्ने जस्तो औपचारिकरूपमा साबथ पालन गर्नुको बीचमा के भिन्नता छ? ती भिन्नता हामीले जान्नेमात्र होइन हामीहरूकै जीवनमा कसरी अनुभव गर्ने?**

## कथा ५
## हामीहरूको बीचमा परमेश्वरका स्वर्गदूतहरू
## लुशियो र यलरी डियास
## टिमोर-लेस्ट



टिमोर-लेस्टको एउटा गाउँमा येशूको दोस्रो आगमनको बारेमा सुनाउँदा तिनीहरूमाथि ढुङ्गामुढा वर्षेला भनेर लुसियो र उनकी श्रीमती यलरीले कहिल्यै पनि अपेक्षा गरेका थिएनन्। तिनीहरू ग्लोबल अग्रजहरू थिए जहाँ टिमोर-लेस्टका पहाडहरूमा सुसमाचारीय कामको निम्ति खटाइएका थिए। त्यो देशको पहाडमा बस्नेहरूले फाटालुकु भाषा बोल्दथे। फाटालुकु लुशियोको मातृभाषा थियो। कहाँबाट सुरु गर्ने थाहा नपाएर तिनीहरू चारवटा गाउँहरूमा दैनिक प्रार्थनाको निम्ति यात्रा गर्न थाले। केही समयपछि तिनीहरूले बहालमा बसेको घरमा हिसाब र अङ्ग्रेजीको ट्युशन दिन केटाकेटीहरूलाई बोलाउन थाले। स्कूल पछि चलेको त्यो कार्यक्रममा १२ जनाबाट बढेर ५७ जना बालबालिकाहरू पढ्न आउन थाले। प्रत्येक अपरान्ह कक्षाहरूमा प्रार्थना र बाइबल पाठबाट कक्षा सुरु गर्दथे। दुई महिनापछि ती केटाकेटीहरूले आफ्ना साथीहरूलाई येशू छिटै आउनुहुनुहुन्छ र तिनीहरू स्वर्ग जान चाहन्छ कि भनेर सुनाउन थाले। धेरै बालबालिकाहरू चर्चमा आउन चाहे। लुशियो र उनकी श्रीमतीमा आशा जागेको थियो।

तर तीन महिनापछि त्यहाँ परिवर्तन आउन थाल्यो। ट्युशन पढ्न नआउने विद्यार्थीहरूले आफ्ना साथीहरूलाई धम्की दिन थाले र कक्षामा होहल्ला गर्न थाले। केही समयपछि केवल छ जना विद्यार्थीहरूमात्र पढ्न आउन थाले। केही समयपछि चार गाउँहरूका एक गाउँका मानिसहरूको अनुरोधमा लुशियोले सुसमाचारीय कार्यक्रमको आयोजना गरे। कार्यक्रमको अन्तमा गाउँका सबै जना सहभागी भएका थिए। लुशियो र यलरीमा आशा पल्हाएको थियो। तब एक दिन लुशियोलाई एक जना महिलाले "हाम्रा मानिसहरूलाई तिम्रा पर्चाहरू दिएर धर्म परिवर्तन गर्न आँट नगर्नु," भनेर धम्क्याइन्। "तपाईंले के भन्न खोज्नुभएको हो?" लुशियोले सोधे। "तपाईंका नियतहरू मलाई थाहा छ।

मसँग खेलबाड नगर्नुहोस्। पैसाको लोभमा फसाएर तपाईंको चर्चमा तपाईंले तान्न खोज्नुभएको छ," उनको यो सरासर झुटो आरोप थियो। हामी कसैलाई पनि पैसा दिएका थिएनौं। अनि अचानक त्यस महिला शिक्षिकाले लुशियोलाई गालामा थप्पड दिइन्। उनको ठूलो छोरोले पनि उनलाई हिर्कायो। अनि आमा र छोरो मिलेर लुशियोलाई ढुङ्गामुडा गर्न थाले। तर ती ढुङ्गामुडाले त उनलाई लागेर। जब हुल जम्मा भए तब एक जना मानिस घरमा गएर बन्दुक ल्याएर उनलाई मार्न सुरु कस्यो। साथी गाउँलेहरूले लुशियोलाई सुरक्षा दिएर गाउँबाट भगाए। दुई महिनापछि एक जना एडभेन्टिस्ट अगुवा चारवटा गाउँहरूमा सुसमाचारीय कार्यक्रम आयोजना गर्न आए। दिनदिनै मानिसहरू जम्मा भएका थिए। लुशियो र यलरीमा फेरि आशा पल्हाउन थाल्यो। तर एक रात भेलामा धेरै मानिसहरूले ढुङ्गामुडा गर्न थाले। एक जना स्वयंसेविका नर्सको अनुहारमा ढुङ्गा लाग्यो र उनको अनुहार रगताम्ये भयो। त्यस रातको कार्यक्रम स्थगित भयो। जब चर्चले बहालमा लिएको ट्रक गाउँतिर तिनीहरूको घरमा जाँदै थिए तब अझ झन ढुङ्गामुडा तिनीहरूमा वर्षिन थाले। गाउँलेहरू डराउन थाले। तब अचानक, सात जना चहकिलो लुगा लगाएका मानिसहरू त्यहाँ देखा परे। ती अपरिचित मानिसहरूलाई केवल तीन जना अचम्मित युवाहरूले हेरिरहे। तिनीहरू एक एक गरेर पहाडमा बिलाए। त्यसबेला फेरी ढुङ्गामुडा बर्षेन। सात जना चहिकिलो मानिसहरूको बारेमा थाहा पाएपछि परमेश्वरले हस्तक्षेप गर्नुभएको भनेर गाउँलेहरूले थाहा पाए। उहाँले आफ्ना स्वर्गदूतहरू पठाउनुभएर आफ्ना जनहरूलाई सुरक्षा दिनुभएको थियो। "परमेश्वरको भय मान्नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ" (भजनसंग्रह ३४:७)। अर्को साबथ १३ जनाले आफ्नो जीवन येशूलाई सुम्पे र बप्तिस्मा लिए। तिनीहरूमा दुई युवाहरू थिए जसले स्वर्गदूतहरू देखेका थिए।

जुनसुकै चुनौतिमा पनि प्रभुले सहायता गर्नुहुन्छ भन्ने कुरामा लुशियो र यलरी आशाबादी भइरहेका छन्।